वर्ष : २१, अंक : ७, काठमाडौं, २०८२ जेठ २३ गते शुक्रबार, 6 June, 2025, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://x.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

# नेसंसपाले देशभर जनजागरण तथा संगठन सुदृढीकरण अभियान चलाउने

काठमाडौं । पूर्वगृह राज्यमन्त्री रिजवान अन्सारी नेतृत्वको नेपाल संघीय समाजवादी पार्टी नेपालको केन्द्रीय बैठकले तीनबुँदे महत्वपूर्ण निर्णयहरु सार्वजनिक गरेको छ । संघीय समाजवादी पार्टीका अध्यक्ष अन्सारीको अध्यक्षतामा शनिबार काठमाडौंमा केन्द्रीय पदाधिकारीहरू र उपलब्ध केन्द्रीय सदस्यहरूको बैठक सम्पन्न भएको हो । बैठकले देशको वर्तमान राजनीतिक परिप्रेक्ष्यमा पार्टीको दृष्टिकोण स्पष्ट पार्दै तीनवटा महत्वपूर्ण निर्णयहरू पारित गरेको जनाएको छ ।



सो बैठकले वर्तमान सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रम उत्पीडित जनताको उत्थानका लागि सहायक नहुने ठहर गर्दै विरोध जनाएको हो । साथै, मधेशी, आदिवासी जनजाति, दलित, मुस्लिम, निषाद समुदाय, पछाडि पारिएका वर्ग तथा क्षेत्र, र आर्थिक रूपमा पछाडि परेका समुदायहरूको समस्याको सम्बोधन हुने गरी नीति तथा कार्यक्रम तुरुन्त संशोधन गर्न सरकारसँग माग गरेको छ ।
बैठकले नेपालको वर्तमान राजनीतिक अवस्थामा संघीय, समावेशी, लोकतान्त्रिक गणतन्त्र, धर्मनिरपेक्षता, समानता, स्वतन्त्रता र सामाजिक न्यायजस्ता उपलब्धिहरूमा प्रतिगामी तथा धर्मिक अतिवादी शक्तिहरूद्वारा आक्रमण सुरु गरिएको ठहर गरेको छ ।
उक्त चुनौतीको प्रतिकार गर्न उत्पीडित जनताको सशक्त राजनीतिक संगठन आवश्यक रहेको भन्दै 'जनजागरण तथा संगठन सुदृढीकरण अभियान' देशभर सञ्चालन गर्ने निर्णय गरिएको अध्यक्ष अन्सारीले जनाएका छन् ।
यस अभियान अन्तर्गत विभिन्न कार्यक्रमहरू तय गरिएको छः जेठ २९ गते सूचना तथा सञ्चार विभागको बैठक, असार १० गते केन्द्रीय महिला विभागको बैठक, साउन १० गते युवाहरूको राष्ट्रिय भेला, साउन १५ गते बागमती प्रदेश समितिको प्रदेश भेला, भाद्र २० गते जनसांस्कृतिक विभागको भेला, जेठ २८ गते केन्द्रीय संगठन विभागको बैठक र साउन २९ गते समाजवादी विद्यार्थी संगठनको राष्ट्रिय भेला गर्ने निर्णय गरेको हो ।
यसैगरी, मधेश, लुम्बिनी, कोशी र बागमती प्रदेशका चारै प्रदेश भित्रका ३० जिल्लाहरूमा जिल्ला भेला, जिल्ला समिति गठन/पुनर्गठन, सदस्यता वितरण, पार्टी प्रवेश कार्यक्रम, तालिम कार्यक्रम तथा प्रत्येक पालिका, गाउँ, वडा, नगरमा समिति गठन/पुनर्गठन

बाँकी अन्तिम पृष्ठमा

## लुम्बिनीका तीन जिल्लाको अधिवेशन गराउन उपेन्द्र यादव नेपालगञ्जमा




काठमाडौं । जनता समाजवादी पार्टी, नेपालका अध्यक्ष उपेन्द्र यादवसहितका केन्द्रीय नेतृत्व लुम्बिनी प्रदेशका तीन वटा जिल्लाको अधिवेशन सम्पन्न गराउन नेपालगञ्ज पुगेका छन् ।
पश्चिम नेपालमा जसपा नेपालको बलियो किल्ला मानिएको बाँके जिल्लाको अधिवेशन सम्पन्न गराउन नेताहरु नेपालगञ्ज पुगेको अध्यक्ष यादवको सचिवालयले जनाएको छ । बुधबार बिहान अध्यक्षसहितका नेताहरु नेपालगञ्ज गएका हुन् ।
अधिवेशन समारोहको प्रमुख वक्ता रहेका अध्यक्ष यादवसँगै जसपा नेपालका केन्द्रीय महासचिव एवं लुम्बिनी प्रदेश इन्चार्ज रामकुमार शर्मा, राष्ट्रिय सभा सदस्य खालिद सिद्धिकी र केन्द्रीय सदस्य सिपी सिंह लगायतका केन्द्रीय नेतृत्व नेपालगञ्ज प्रस्थान गरेको हो ।
आज बाँके जिल्लाको एकताको प्रथम जिल्ला अधिवेशन हुँदैछ । दिउँसोदेखि सुरु हुने अधिवेशनको अध्यक्ष यादवले उद्घाटन गर्ने कार्यक्रम छ । अधिवेशनले जिल्ला कार्यसमितिको नयाँ नेतृत्व चयन गर्नेदेखि संगठनको आगामी योजना एवं कार्यदिशा तय गर्नेछ । यसैगरी, जसपा नेपाल बर्दिया जिल्ला कार्यसमितिको प्रथम जिल्ला अधिवेशन भोलि २२ गते गुलरियामा हुँदैछ । २३ गते बिहिबार जसपा नेपाल कपिलबस्तुको जिल्ला अधिवेशन सम्पन्न गर्ने तय भएको छ ।
यी तीनवटै जिल्लाको अधिवेशनमा अध्यक्ष यादवसहितको केन्द्रीय नेतृत्व सहभागी हुने बताइएको छ । जसपा नेपाल अहिले देशब्यापी रुपमा जिल्ला अधिवेशन सम्पन्न गर्ने अभियानमा होमिएको छ ।

## लैंगिकमैत्री तथा समावेशी उद्यम विकासमा सरकार प्रयासरत : मुख्यमन्त्री सिंह

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले लैंगिकमैत्री तथा समावेशी उद्यमको विकासका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको बताएका छन् ।
नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेशको प्रतिनिधिमण्डलसँग बुधबार छलफल गर्दै मुख्यमन्त्री सिंहले महिलालाई आर्थिक रूपमा सशक्त बनाउन उद्यमशीलताका लागि प्रोत्साहन गर्नुपर्नेमा जोड दिए ।



'महिलाको आर्थिक सशक्तिकरण बिना समावेशी विकास सम्भव हुँदैन,' उनले भने, 'महिला तथा पछाडि पारिएका समुदायलाई उद्यममा सहभागी गराएर मात्र दिगो विकास सम्भव छ।'
महासंघ मधेश प्रदेशका अध्यक्ष अशोककुमार टेमानीको नेतृत्वमा गएको टोलीले 'लैंगिकमैत्री तथा समावेशी उद्यम र व्यवसाय विकास' सम्बन्धी स्थितिपत्र मुख्यमन्त्री सिंहलाई स्थितिपत्र बुझाएको थियो ।
महासंघले महिलाको उद्यमशीलता प्रवर्द्धनका लागि नीति सुधार, लगानीमैत्री वातावरण र सहुलियतपूर्ण पहुँच सुनिश्चित गर्न प्रदेश सरकारसँग आग्रह गरेको थियो ।

## लोसपा महासचिव मिश्र प्रवक्ता मनोनयन



काठमाडौं । लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा) का महासचिव मनिषकुमार मिश्रलाई केन्द्रीय प्रवक्ता पदमा मनोनयन गरेको छ ।
पार्टी अध्यक्ष महन्थ ठाकुरले पार्टीको संशोधित विधानअनुसार उनलाई केन्द्रीय महासचिवसँगै प्रवक्ताको भूमिकासमेत प्रदान गरिएको जानकारी दिइएको हो ।
अध्यक्ष ठाकुरले मिश्रलाई मनोनयन गरिएकोमा बधाई दिँदै देश, मधेश तथा पार्टीको हितमा उनको कार्यकाल उपलब्धिमूलक हुने विश्वास व्यक्त गरेका छन् ।

## बालुवाटारमा बुनेको काण्ड हो 'भिजिट भिसा काण्ड' : प्रभु साह

नेपालगंज । आम जनता पार्टी (आजपा) का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले भिजिट भिसा प्रकरणमा प्रधानमन्त्री केपी शर्मा ओलीको षड्यन्त्रको शिकार गृहमन्त्री रमेश लेखक भएको बताएका छन् ।
'दलतन्त्रको भण्डाफोर गरौं, गणतन्त्रको दिशामा अघि बढौं' भन्ने मुल नाराका साथ बुधबार नेपालगंजमा आजपाद्वारा आयोजित बृहत अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै आजपा अध्यक्ष साहले प्रधानमन्त्री निवास बालुवाटारमा बुनेको एक महत्वपूर्ण काण्ड 'भिजिट भिसा काण्ड' भएको टिप्पणी गरेका छन् ।
'प्रधानमन्त्रीको कनेक्सन गृहमन्त्रीलाई फसाउने र मोरदेन कांग्रेस बनेर गिजोल्ने काम भईरहको छ । यो सबै घटनाक्रममा भिजिट भिसा प्रकरणमा केपी ओलीको हात छ । यहाँ प्रष्टै देखिन्छ काँखमा राखेर छुरा हान्ने काम भएको छ,' आजपा अध्यक्ष साहले भने, 'रवि लामिछानेमाथि पनि यस्तै भएको थियो, शुरुमा सहकारीमा निर्दोष रहेको भन्ने केपीले नै दोषी बनाई जेल पठाउनु भयो । हेर्दै राख्नुस्, अहिले



राजीनामा दिनुनपर्ने प्रधानमन्त्री ओलीले अझै भिजिट भिसामा के के गर्नुहुन्छ ।'
नेपाली कांग्रेस र नेकपा एमालेको अहिलेको गठबन्धन अपवित्र भएको टिप्पणी गर्दै उनले बाहिर गठबन्धन जस्तो देखिए पनि भित्र-भित्र काटमार, एकले अर्कोलाई सिध्याउने खेल चलिरहेको बताए । अप्राकृतिक एवं अपवित्र अहिलको गठबन्धनका कारण मुलुक र जनताले दुख पाईरहेको र जनता निरास भएको बताउदै उनले प्रधानमन्त्री केपी शर्मा ओलीलाई राजीनामा गरेर अन्तरिम सरकार गठन गर्नुपर्ने आवश्यक रहेको बताए । मुलुक र जनताको भविष्यका लागि अहिले अन्तरिम सरकार गठन गरेर अगाडी बढनुको विकल्प नभएको समेत उनले बताए ।
सबैलाई थाहा भएको कुरा एमालेको प्रतिस्पर्धी कांग्रेस र कांग्रेसको प्रतिस्पर्धी एमाले भएको बताउदै उनले एकले अर्कोलाई सिध्याउने र भित्र-भित्र नै काटमारको अवस्था रहेको बताए ।
'एनआरएनए परराष्ट्र मन्त्रालय मातहतको बिषयमा पनि प्रधानमन्त्रीले अनावश्यक हस्तक्षेप गरेर विवाद गराउनुभयो । परराष्ट्र मन्त्रालयमाथिको हस्तक्षेप पछि अहिले गृहमन्त्रालयमा प्रधानमन्त्रीको हस्तक्षेप भएको देखिन्छ,' आजपा अध्यक्ष साहले भने, 'अख्तियार प्रधानमन्त्रीकै नियन्त्रणमा छ, त्यहीबाट अध्यागमनमा छापा मार्ने । सूचनाहरु चुहाएर मिडियाबाजी गर्नेगराउने काम कसरी भयो ? यो सबैलाई हेर्दा काँखीमा राखेर छुरा हान्ने काम बालुवाटारबाटै भईरहेको छ ।'
उनले बाहिर प्रतिपक्षी दलका कारण विधेयकहरु पारित नभएको जस्तो देखिए पनि सत्तारुढ गठबन्धनको आन्तरिक कलहले नै मुलुक र जनताले दुःख पाईरहेको उनले बताए । दुई तिहाईको शक्तिशाली सरकारले सामान्य बहुमतले पारित हुने विधेयकहरु समेत अल्झाएर

बाँकी अन्तिम पृष्ठमा

## नीति तथा कार्यक्रम ल्याउँदै मधेश सरकार



जनकपुरधाम । मधेश प्रदेश सरकारले शुक्रबार संसद्मा नीति तथा कार्यक्रम ल्याउँदै छ । मधेशको प्रदेश सभामा प्रदेश प्रमुख सुमित्रा भण्डारीले नीति तथा कार्यक्रम प्रस्तुत गर्ने कार्यतालिका छ ।
कृषिलाई प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम ल्याउन लागिएको नीति आयोग मधेशका उपाध्यक्ष डा. सोहन प्रसाद साहले बताए । उनका अनुसार पहिलाको भन्दा फरक नीति तथा कार्यक्रमहरू ल्याउन लागिएको हो । 'इन्टर कनेक्टेड वे' मा नीति तथा कार्यक्रम ल्याउन लागिएको उनको भनाइ छ ।
विशेषत शिक्षा, स्वास्थ्य, कृषि र रोजगारीमा व्यवसायीकरण गर्ने काम प्राथमिकतामा राखिएको उनको भनाइ छ । आन्तरिक उत्पादन बढाउँदै युवाहरूको रोजगारीलाई प्राथमिकतामा राखेर योजनाहरू तयार पारिएको उनले बताए ।

## सम्पादकीय

# संघीय बजेटमा मधेश फेरि उपेक्षित

केपी ओली नेतृत्वको सरकारले संघीय संसद्मा आर्थिक वर्ष २०८२/८३ को वार्षिक बजेट पेश गरेको छ। अर्थमन्त्री विष्णु पौडेलले संघीय संसदमा आर्थिक वर्ष २०८२/८३ का लागि नेपाल सरकारको आय र व्ययको अनुमान अर्थात् बजेट पेश गरेका हुन्। अर्थमन्त्रीले राजश्व र व्ययको अनुमान प्रत्येक वर्ष जेठ महिनाको १५ गते संघीय संसदमा पेश गर्नुपर्ने संवैधानिक व्यवस्था छ।

आर्थिक बर्ष २०८२/८३ को बजेट मुलुकमा देखिएको समस्या सम्बोधन गर्ने कुनै पनि कार्यक्रम देखिएको छैन । हाल मुलुकमा देखिएको समस्यालाई सम्बोधन गर्ने कुनै कार्यक्रम देखिएन । नेताहरूको भुडी भर्ने खालको छ, वितरण पुरै असमान छ । सरकारले सार्वजनिक गरेको बजेट वितरणमुखी रहेको छ । यस किसिमको बजेट कार्यान्वयन हुन अप्ठयारो हुन्छ । देश संघीयतामा गएपछि पनि सरकारले पुरानै ढंगको बजेट ल्याएको छ । बजेटले संरचनात्मक परिवर्तन ल्याउन नसकेको टिप्पणी सर्वत्र हुन थालेको छ । खर्च गर्ने क्षमताबिनै विभिन्न कार्यक्रम राखिएको अर्थविद्हरूले धारणा छ । 'क्षमताको ख्याल नगरी ल्याइएको बजेट भएकाले कार्यान्वयन सम्भव छैन,' उनीहरूको भनाइ छ। यद्यपी केहीले बजेटलाई सराहना गरे भने अधिकांशले परम्परागत ढर्राकै बजेट आएको टिप्पणी गरेका छन् ।

मधेश प्रदेशको दृष्टिबाट हेर्दा बजेट कम आएको छ । यद्यपी मधेश प्रदेशको पर्यटन क्षेत्रको विकासका विनियोजन गर्नु सराहनीय भए पनि मधेश प्रदेशका गढीमाई, सिम्रौनगढ र जानकी मन्दिरलगायत क्षेत्र अट्न नसक्नु दुर्भाग्यपूर्ण छ। बजेटले मधेश प्रदेशको पर्यटकीयस्थलको पहिचान तथा प्रवर्द्धनमा उदासिनता देखाएको छ। बजेटले समग्रमा धेरै विषय छुने प्रयास गरिए पनि मधेशका सवालमा यसले पहिला जस्तै कनिका छर्ने काम गरेको छ । त्यसैले बजेट परम्परागत रहेको भन्ने टिप्पणीलाई अस्वभाविक नै मान्न सकिदैन ।

वस्तुतः बजेट सुन्दा कर्णप्रिय भए पनि परम्परागत जस्तो लागेको अनुभूति अधिकांशको छ। प्रशासनिक खर्च बढ्ने र विकास खर्च घट्ने सम्भावना छ। अधिकांशको दृष्टिमा पनि बजेट वितरणमुखी र केन्द्रीकृत रहेको छ। बजेट कनिका छरेजस्तो गरी आएको र यसमा समग्र विकासको विषय समेटिएको छैन । केही ठूला योजना, केही ठूला मार्गबाहेक अरू विषय स्थानीय तहलाई दिनुपर्छ तर केन्द्रीकृत रूपमा बजेट प्रस्तुत भएको छ ।

केही वर्ष पहिलाको बजेटमा सरकारले प्रत्येक प्रदेशमा एउटा ठूलो विद्युत् आयोजना अघि बढाउने घोषणा गरेको थियो । प्रदेशैपिच्छे अघि बढाउने घोषणा गरेका ठूला विद्युत् आयोजना देखिने गरी अघि बढेका छैनन् बरू आगामी वर्षको बजेटमा सरकारले प्रत्येक प्रदेशमा २ वटा ठूला विद्युत वा सौर्य आयोजना निर्माण गर्ने घोषणा गरेको छ ।

सरकारले अघि बढाउने भनेका यी आयोजना अघिल्ला वर्षकै निरन्तरता हुन । सरकारले अघिल्लो वर्ष २०८५ सम्मलाई ऊर्जा दशक घोषणा गर्दै ठूला विद्युत् आयोजनाको निर्माणलाई तीव्रता दिने घोषणा गरे पनि काम भने भएको छैन । सरकारले बजेटमा घोषणा गरेको विद्युत् आयोजनाको निर्माण अघि बढ्न सकेको छैन ।

मधेश प्रदेश मुख्य रूपले किसानहरूको प्रदेश हो । आर्थिक समृद्धिका लागि कृषिमा आमूल परिवर्तन जरूरी छ। तर, बजेटमा पर्याप्त रकम विनियोजन गरिएको देखिएको छैन । कृषि क्षेत्रमा विनियोजन गरिएको रकम किसानसम्म पुग्छ कि पुग्दैन हेर्न बाँकी छ । बजेटमा दृष्टिकोण र प्राथमिकता निर्धारण गर्न नसक्दा समस्या आएको छ । वर्तमान परिवेशमा हिजोको ढाँचामा बजेट तय गर्नुपर्ने आवश्यक्ता नै छैन । कृषि प्रधान अर्थतन्त्रलाई तीव्र आर्थिक वृद्धि गर्नुपर्ने अहिलेको प्राथमिकतामा सरकारले कृषिको अन्न भण्डार मधेशका लागि गतिलो कार्यक्रम ल्याउन सकेन ।

# शैक्षिक गुणस्तरमा उकालो लाग्दै रूपनगर क्याम्पस



आफताब अली

रूपनगर नन्दराज संग्रौला क्याम्पसले शैक्षिक गुणस्तरमा गहकिलो फट्को मारेको छ। त्रिभुवन विश्वविद्यालयबाट सम्बन्ध प्राप्त, सप्तरीको रूपनगरमा रहेको यो सामुदायिक क्याम्पसले एक दशक भन्दा लामो शैक्षिक यात्रामा यस वर्ष उल्लेखनीय प्रगति हासिल गरेको छ। विद्यार्थीहरूले यो क्याम्पसको इतिहासमा अहिलेसम्मकै उच्चतम् उपलब्धि हासिल गरेका छन्।

भर्खरै प्रकाशित बिबियस दोश्रो वर्षको परीक्षाफलमा ६३ प्रतिशत नतिजा ल्याएर क्याम्पसले आफ्नो मात्र होइन त्रिभुवन विश्वविद्यालय समेतको औसत ४० प्रतिशतलाई उछिनेको छ।

रूपनगर क्याम्पसले त्रिभुवन विश्वविद्यालयको सम्बन्धनमा व्यवस्थापन संकाय अन्तर्गत् 'ब्याचलर अफ बिजनेस स्टडीज' (बीबीएस) कार्यक्रम सञ्चालन गर्दै आएको छ। क्याम्पस प्रशासनले दिएको जानकारी अनुसार, विगतका वर्षहरूमा क्याम्पसको उत्तीर्ण दर सरदर ३० देखि ४५ प्रतिशतको बीचमा रहने गरेको तथ्याङ्क छ। तर, हालैका वर्षहरूमा, विशेष गरी २०८१ को नतिजाले क्याम्पसको शैक्षिक गुणस्तरमा उत्साहजनक सुधार भएको देखाएको छ।

**नतिजा विश्लेषण: उत्तीर्ण दर र प्रगति**

शैक्षिक सत्र २०७७ देखि २०८१ सम्मका विभिन्न वर्ष र तहका बीबीएस परीक्षाहरूको परीक्षाफलको तथ्याङ्कलाई कूल सहभागी विद्यार्थी, सबै विषयमा उत्तीर्ण हुने विद्यार्थी संख्या र उनीहरूको प्राप्ताङ्क समेतका आधारमा उत्तीर्ण दर गणना गरी यो विश्लेषण गरिएको छ।

- शैक्षिक सत्र २०७७ मा पहिलो वर्षको ४२.९२ प्रतिशत उत्तीर्ण दर पछि २०७८ मा पहिलो र दोस्रो वर्षको नतिजा अत्यन्त कमजोर (२.२७% र १०%) रह्यो। यो अवधिमा शैक्षिक गुणस्तरमा ह्रास आएको देखिन्छ। यसो हुनुमा संभवतः अनियमित कक्षा, शिक्षण विधिको कमजोरी जस्ता कारण हुन सक्छन्।
- शैक्षिक सत्र २०७९ मा परीक्षाफलमा थोरै सुधार देखियो। पहिलो वर्षको उत्तीर्ण दर १३.३ प्रतिशत, दोस्रो वर्षको २८.१३ प्रतिशत, र चौथो वर्षको ३५.५६ प्रतिशत पुग्यो।
- शैक्षिक सत्र २०८० मा पहिलो वर्षको परीक्षाफल (४६.३६%) र दोस्रो वर्ष (३९.९३%) मा स्थिर प्रगति देखियो। त्यसै गरी तेस्रो वर्षको नतिजा (४१.४५%) र चौथो वर्ष ३८.७९ प्रतिशत नतिजा आएको तथ्याङ्क छ।
- शैक्षिक सत्र २०८१ मा पहिलो वर्षको उत्तीर्ण दर ४७.५ प्रतिशतमा स्थिर रह्यो भने दोस्रो वर्षको उत्तीर्ण दर ६३ प्रतिशत पुगेर क्याम्पसको शैक्षिक इतिहासमा उल्लेखनीय सुधार भएको देखायो।

अहिले प्राप्त यो नतिजा प्रति क्याम्पस प्रमुख प्राध्यापक दीपक कुमार गजुरेल सन्तोष व्यक्त गर्नुहुन्छ। उहाँ भन्नुहुन्छ, 'क्याम्पसले अपनाएको शैक्षिक रणनीतिहरूले प्रभावकारी रूपमा काम गरेको देखिन्छ। प्रवचन शैलीको पढाइको साटो अन्तर्क्रियात्मक सिकाइ, 'नोट' बनाएर पढ्ने, दक्ष र विशेषज्ञ शिक्षक, कक्षामा कम्प्यूटर र प्रोजेक्टरको प्रयोग, विशेषज्ञहरूबाट भर्चुअल कक्षा, नियमित कक्षा जस्ता रणनीतिले यो सफलता हासिल गरेको हो।'

शैक्षिक सत्र २०८० देखि यताका परीक्षाफलको प्रवृत्ति विश्लेषण गर्दा कक्षामा विद्यार्थीको नियमित उपस्थिति महत्वपूर्ण देखिन्छ। नियमित कक्षामा उपस्थित भएर पढ्ने विद्यार्थीहरू अधिकांश उतीर्ण भएका छन् भने कक्षामा अनियमित हुनेमध्ये अधिकांश अनुतीर्ण भएका छन्।

**तथ्या□मा शैक्षिक गुणस्तर**

- सुधारका संकेत: शैक्षिक सत्र २०७८ को कमजोर परीक्षाफल पछि २०८० देखि २०८१ सम्म उत्तीर्ण दरमा उत्साहजनक सुधार भएको देखिन्छ। विशेष गरी २०८१ को दोस्रो वर्षको ६३ प्रतिशत उत्तीर्ण दरले क्याम्पसको ऐतिहासिक औसत ३०-४५ प्रतिशतलाई उछिनेर शैक्षिक गुणस्तरमा उल्लेखनीय सुधार भएको स्पष्ट चित्र देखाउँछ।
- प्रेरणादायी पक्ष: क्याम्पसले सीमित स्रोत साधनको प्रभावकारी परिचालन गरेर हासिल गरेकोले यो सुधार अत्यन्त प्रेरणादायी छ। २०८१ को दोस्रो वर्षको नतिजाले क्याम्पसले अपनाएका नवीन वैज्ञानिक शिक्षण विधि, सिकाइमा प्रविधिको प्रयोग, र विद्यार्थी-शिक्षक अन्तर्क्रियाको सकारात्मक प्रभाव देखाउँछ।

क्याम्पसले हालका परीक्षाहरूमा गरेको प्रगतिप्रति शिक्षक र विद्यार्थी उत्साहित बनेका छन्। 'हामीले मेहनत गरेर पढाएको र विद्यार्थीको लगनशीलताको परिणाम हो अहिलेको सुधार भन्ने लाग्छ' भन्नुहुन्छ फाइनान्सकी विज्ञ शिक्षिका अञ्जना चौधरी। 'कक्षा कोठामा मात्र होइन, दिउँसो बेलुकी पनि विद्यार्थीले सम्पर्क गरेर वा भेटेर सिक्न चाहने वातावरण बनाएका छौं हामीले क्याम्पसमा' उहाँ थप्नुहुन्छ।

रूपनगर क्याम्पसको यो शैक्षिक प्रगतिले सीमित स्रोतमा सञ्चालित गाउँका क्याम्पसले पनि उच्च शिक्षाको क्षेत्रमा उदाहरणीय गुणस्तर दिन सक्छन् भन्ने प्रमाणित गरेको विश्वास अङ्ग्रेजीकी शिक्षिका पुनम चौधरीको छ। 'हाम्रो क्याम्पसले छोटो समयमा यति ठूलो प्रगति गर्नु गर्वको कुरा हो। यो हाम्रो सामूहिक प्रयासको फल हो,' उहाँ सामूहिकता र विद्यार्थीहरूको लगनशीलतालाई यो सफलताको श्रेय दिनुहुन्छ।

**सवल पक्ष**

- निरन्तर प्रगति: २०८० देखि २०८१ सम्मको उत्तीर्ण दरमा देखिएको उत्साहजनक वृद्धि, विशेष गरी २०८१ को ६३ प्रतिशत नतिजाले क्याम्पसले हालका वर्षहरूमा अपनाएको शैक्षिक रणनीतिहरूको प्रभावकारिता प्रमाणित गर्छ।
- गुणस्तरीय विशेषज्ञ शिक्षकहरू: आ-आफ्ना विषयका विशेषज्ञ शिक्षकहरूले नियमित कक्षा लिएका कारण विद्यार्थीहरूको बुझाइमा सुधार आएको छ।
- प्रविधिको प्रयोग: काठमाडौं, विराटनगर, राजविराज, र संयुक्त राज्य अमेरिकाबाट समेत विश्वस्तरीय विशेषज्ञहरूद्वारा सञ्चालित 'भर्चुअल' कक्षाहरूले विद्यार्थीहरूलाई वैश्विक दृष्टिकोण प्रदान गरेको छ।
- अन्तरक्रियात्मक शिक्षण: रटेर सिक्ने (घोकेर कण्ठ पार्ने) परम्परालाई त्यागेर बुझाइमा आधारित वैज्ञानिक शिक्षण विधिले विद्यार्थीहरूको आत्मविश्वास र रूचि बढाएको छ।
- प्रेरणादायी वातावरण: क्याम्पसको स्मार्ट र प्रेरणादायी वातावरण, साथै शिक्षक र कर्मचारीहरूको स्नेहपूर्ण व्यवहारले विद्यार्थीहरूलाई प्रोत्साहन दिने गरेको छ।
- नियमित उपस्थिति: प्रभावकारी तथा वैज्ञानिक शिक्षण विधि अपनाएको रूपनगर क्याम्पसमा कक्षामा नियमित उपस्थिति विद्यार्थीको सफलताको जग हो भन्ने पुष्टि भएको छ। कक्षामा सधैं उपस्थित भएर पढ्ने विद्यार्थीहरू अधिकांश राम्रो अङ्क ल्याएर उतीर्ण भएका छन्।

'क्याम्पसको शैक्षिक वातावरण राम्रो र पढ्न प्रेरणा दिने खालको छ। शिक्षकहरू नियमित पढाउनुहुन्छ र राम्रोसँग बुझाउनुहुन्छ। त्यसले धेरै सहयोग पुग्छ हामीलाई,' बिबिएस तेश्रो वर्षका छात्र पारस कटुवाल भन्छन्। भर्खर आएको दोश्रो वर्षको परीक्षफलमा सबै भन्दा वढी अङ्क ल्याएका पारस भन्छन्, 'साथीहरूको सहयोगी भावना र समूहमा पढ्ने बानीले धेरै राम्रो प्रभाव पारेको छ। सफलतामा मेरो व्यक्तिगत प्रयास त छ नै, तर क्याम्पसको शिक्षा, वातावरण र शिक्षकहरूको योगदान पनि उत्तिकै महत्त्वपूर्ण छ।'

तेश्रो वर्षकी छात्रा दीपिका जोशीको बुझाइ पनि उस्तै छ, भन्छिन्, 'शिक्षकहरूले हामीलाई सधैं प्रोत्साहन गर्नुहुन्छ। उहाँहरूको बुझाइमा आधारित पढाउन तरिकाले मलाई धेरै सहयोग गरेको छ।'

सोही वर्षका अर्का जेहन्दार विद्यार्थी सागर चौधरी भन्छन्, 'शिक्षकहरूले हामीलाई सधैं प्रेरणा दिनुहुन्छ, तिमीहरूले राम्रो गर्न सक्छौ, कोशीश गर, फेल हुने कुरा सोच्नै पर्दैन भनेर प्रोत्साहन गरिराख्नु हुन्छ।' सागर थप्छन्, 'शिक्षकहरूले किताबका पाठ मात्र पढाउनु हुन्न, जीवन बुझ्ने दृष्टिकोण पनि सिकाउनु हुन्छ। अनलाइन कक्षाका कारण कुनै पनि पाठ छुट्दैन। नियमित पढाइले विषयहरू राम्रोसँग बुझ्न सहयोग पुग्छ। कक्षा कोठा, पुस्तकालय, र क्याम्पस परिसरमा पढ्न अनुकूल वातावरण छ, जसले ध्यान केन्द्रित गर्न सहज बनाउँछ। शिक्षक र विद्यार्थी बीचको घनिष्ठ सम्बन्धले आत्मविश्वास बढाउँछ र पढाइ प्रतिको डर हटायउन मद्दत गर्छ।'

**सुधारका आधारहरू**

रूपनगर नन्दराज संग्रौला क्याम्पसको नतिजामा देखिएको सुधारका पछाडि निम्न कारकहरूले योगदान पुऱ्याएका छन्:

- नियमित कक्षा: नियमित र व्यवस्थित कक्षाले विद्यार्थीहरूलाई निरन्तर सिकाइको अवसर प्रदान गरेको छ।
- गुणस्तरीय शिक्षकहरू: विशेषज्ञ शिक्षकहरूले विषयवस्तुलाई राम्ररी बुझाउन सफल भएका छन्।
- भर्चुअल विशेषज्ञ कक्षा: काठमाडौं, वीराटनगर, राजविराज, र संयुक्त राज्य अमेरिका समेतबाट विश्वस्तरीय विशेषज्ञहरूले लिने भर्चुअल कक्षाले विद्यार्थीहरूलाई अन्तर्राष्ट्रिय स्तरको शिक्षण अनुभव प्रदान गरेको छ।
- वैज्ञानिक शिक्षण विधि: रटेर पढ्ने परम्परालाई छोडेर बुझाइमा आधारित शिक्षणले विद्यार्थीहरूको सिकाइलाई प्रभावकारी बनाएको छ।
- प्रविधिको प्रयोग: कक्षामा कम्प्यूटर तथा प्रोजेक्टरको प्रयोग, भर्चुअल कक्षा र अन्य डिजिटल उपकरणहरूको प्रयोगले शिक्षणलाई थप गतिशील तथा प्रभावकारी बनाएको छ।
- अन्तरक्रियात्मक सिकाइ: कक्षा र गृहकार्यमा शिक्षक-विद्यार्थी अन्तरक्रियाले विद्यार्थीहरूको रूचि र संलग्नता बढाएको छ।
- प्रेरणादायी वातावरण: क्याम्पसको शिक्षणमैत्री वातावरण र शिक्षकहरूको प्रोत्साहनपूर्ण व्यवहारले विद्यार्थीहरूलाई सकारात्मक दिशामा डोऱ्याएको छ।

'भर्चुअल कक्षाले हामीलाई विश्वस्तरीय शिक्षकहरूबाट सिक्ने अवसर दिएको छ। यो अनुभवले मेरो आत्मविश्वास बढाएको छ,' दोश्रो वर्षका छात्र आदिल अली भन्छन्।

'हामीले प्रविधिको प्रयोग र अन्तर्क्रियात्मक शिक्षणलाई प्राथमिकता दिएका छौं। अब हाम्रो ध्यान कमजोर विद्यार्थीहरूलाई सहयोग गर्नमा थप केन्द्रित हुनेछ,' अकाउण्टका विशेषज्ञ शिक्षक पेशल जोशी भन्नुहुन्छ।

**प्रवृत्ति र भावि योजना**

रूपनगर नन्दराज संग्रौला क्याम्पसले हालका वर्षहरूमा गरेको प्रगति त्रिभुवन विश्वविद्यालयको सरदर नतिजा तथा समग्र प्रवृत्ति भन्दा माथि उक्लेको छ। त्रिभुवन विश्वविद्यालयको तथ्याङ्क अनुसार, सम्बन्धन प्राप्त क्याम्पसहरूमा बीबीएसको उत्तीर्ण दर शैक्षिक सत्र २०८० मा ३८ प्रतिशत थियो भने २०८१ मा ४२ प्रतिशत पुगेको छ। शैक्षिक सत्र २०८१ मा रूपनगर क्याप्पसले ६३ प्रतिशत नतिजा सहित उत्कृष्टता हासिल गरेको हो। यो प्रगतिले अद्यावधिक पाठ्यक्रम, गुणस्तरीय शिक्षण र प्रविधिको प्रयोगको सकारात्मक प्रभाव देखाउँछ।

घोकेर कण्ठ पार्ने परम्परालाई छोडेर बुझाइमा आधारित शिक्षणमा जोड दिने रूपनगर क्याम्पसको नीतिले प्रभावकारी रूपमा सकारात्मक परिणाम देखाउन थालेको छ। नियमित कक्षा, डिजिटल प्रविधिको प्रयोग, र प्रेरणादायी वातावरणले क्याम्पसलाई थप प्रगति गर्न सक्षम बनाउँदै लगेको छ।

'अहिले आएको नतिजा हाम्रो यात्राको शुरूवात मात्र हो। हामी रूपनगरलाई नेपालको सामुदायिक क्याम्पसहरूको नमूना बनाउन चाहन्छौं। यो गाउँलाई उच्च शिक्षाको उदाहरणीय आकर्षणको केन्द्र बनाउन लागि परेका छौं,' क्याम्पस प्रमुख प्राध्यापक दीपक कुमार गजुरेलको महत्वाकांक्षा ठूलो छ।

*(आफताब अली रूपनगर क्याम्पसमा बिबिएस तेश्रो वर्षका विद्यार्थी हुन्।)*

*स्रोत: रूनगर क्याम्पस फिचर सेवा*

राष्ट्रिय साप्ताहिक मधेशवाणी



# आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटको पूर्णपाठ

*गतांकको बाँकी....*

आर्थिक वर्ष २०८२/८३ मा ठूला खानेपानी आयोजना सम्पन्न भई ३७ प्रतिशत जनसङ्ख्यालाई सुरक्षित खानेपानी सेवा उपलब्ध हुनेछ। यसबाट ९८ प्रतिशत जनसङ्ख्यामा आधारभूत खानेपानी सेवाको पहुँच पुग्नेछ।

खानेपानी मन्त्रालयको लागि रु. ३३ अर्ब ८९ करोड विनियोजन गरेको छ।

### विपद् पछिको पुनर्निर्माण

विपद्को पूर्वसूचना प्रणाली विकास गरी क्षति न्यूनीकरण गरिनेछ। विपद् व्यवस्थापन तथा प्रतिकार्यमा संलग्न हुने जनशक्तिको क्षमता विकास र सुरक्षित प्रविधिको अवलम्बनमा जोड दिइनेछ।

भू-कम्प र मनसुनजन्य विपद्बाट क्षति भएका निजी आवास, विद्यालय, सार्वजनिक पूर्वाधार, पुरातात्त्विक एवम् सांस्कृतिक सम्पदाको पुनर्निर्माण गरिनेछ। यसका लागि रु. १८ अर्ब ५० करोड विनियोजन गरेको छु ।

### आर्थिक योजना तथा तथ्याङ्क

नेपालको संविधानले व्यवस्था गरेको अधिकारसूची, कार्य विस्तृतीकरण प्रतिवेदन र आयोजना मापदण्डअनुरूप सङ्घ, प्रदेश र स्थानीय तहबीच आयोजनाको दोहोरोपना हुन नदिन एकीकृत राष्ट्रिय आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली सञ्चालनमा ल्याइनेछ। प्राकृतिक स्रोतको संरक्षण र दिगो उपयोगका लागि तहगत सरकारकाबीच समन्वय र सहकार्य गरिनेछ। आयोजना बैंक, मध्यमकालीन खर्च संरचना र मन्त्रालयगत बजेट सूचना प्रणालीबीच अन्तर-आवद्धता कायम गरिनेछ।

राष्ट्रिय आर्थिक गणना, २०८२ सम्पन्न गरिनेछ। राष्ट्रिय लेखाको आधार वर्ष परिवर्तन गरिनेछ। सङ्घ, प्रदेश र स्थानीय तहको तथ्याङ्कीय प्रोफाइल तयार गरिनेछ। विग डाटा प्रशोधन क्षमता विकास गरिनेछ। खुला तथ्याङ्कको अवधारणालाई क्रमश: कार्यान्वयन गरिनेछ।

### राष्ट्रिय सुरक्षा तथा शान्ति सुव्यवस्था

नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वतन्त्रता, स्वाधीनता र स्वाभिमानको रक्षा गरिनेछ। सामाजिक सद्भाव र राष्ट्रिय एकतालाई बलियो बनाइनेछ।

सुरक्षा निकायहरूलाई सबल, सक्षम र व्यावसायिक बनाउन स्रोत साधन सम्पन्न बनाइनेछ। सुरक्षा निकायका लागि आवश्यक पर्ने सैन्य सामग्री, हातहतियार तथा सुरक्षा उपकरणको व्यवस्था गरिनेछ। नेपाली सेनाको क्षमता अभिवृद्धि गरी राष्ट्रिय सुरक्षा, विकास निर्माण र विपद् व्यवस्थापनमा परिचालन गरिनेछ। बङ्करदेखि ब्यारेक कार्यक्रमलाई निरन्तरता दिएको छु।

मुलुकमा शान्ति सुव्यवस्था र अमनचयन कायम गर्न स्थानीय प्रशासनलाई सुदृढ बनाइनेछ। नेपाल प्रहरीलाई शान्ति सुरक्षा र अपराध नियन्त्रण गर्न सक्षम तुल्याइनेछ। सशस्त्र प्रहरी बल, नेपाललाई सीमा सुरक्षा, विपद् व्यवस्थापन र शान्ति सुरक्षामा परिचालन गरिनेछ। राष्ट्रिय अनुसन्धान विभागको अनुसन्धान क्षमता विकास गरिनेछ।

अध्यागमन प्रणालीको स्तरोन्नति गरी अनलाइन पेमेन्ट सिस्टम र अनलाइन भिसाको सुविधा उपलब्ध गराइनेछ। स्टार्ट अप व्यवसायमा काम गर्ने विशेषज्ञ तथा लगानीकर्तालाई नि:शुल्क आवासीय भिसा र नेपालमा बसेर विदेशी कम्पनीको लागि रिमोर्ट वर्क गर्ने व्यक्तिलाई डिजिटल नोम्याड भिसा उपलब्ध गराइनेछ।

राष्ट्रिय सेवा दलको दायरा विस्तार र प्रभावकारिता अभिवृद्धि गरिनेछ। युवा तथा बालबालिकालाई लागु औषध तथा दूर्व्यसनको कुलतबाट जोगाउन समुदायसँगको सहकार्यमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

कारागारलाई सुधार गृहमा रूपान्तरण गर्न भौतिक पूर्वाधार विकास, सीपमूलक तालिम, उद्यमको लागि सहयोगी वातावरण र मनोसामाजिक परामर्श उपलब्ध गराइनेछ। खुला कारागारको अवधारणा कार्यान्वयन गर्दै लगिनेछ। निर्माणाधीन कारागारहरूको भौतिक पूर्वाधार विकास गरी सञ्चालनमा ल्याइनेछ।

### परराष्ट्र सम्बन्ध

सार्वभौमिक समानता, पारस्परिक लाभ र सम्मानका आधारमा अन्तर्राष्ट्रिय सम्बन्ध विकसित गरिनेछ। छिमेकी मित्र राष्ट्रहरूसँग आपसी हित र विश्वासको आधारमा द्विपक्षीय सम्बन्ध सुदृढ बनाइनेछ।

सबल आर्थिक कूटनीतिका माध्यमबाट वैदेशिक सहायता तथा लगानी, निर्यात र पर्यटन प्रवर्द्धन गरिनेछ। सि-वेड माइनिङ्गमा नेपालको अधिकार स्थापित गरी लाभान्वित हुन अग्रसरता लिइनेछ। विदेशमा रहेका नेपाली नागरिकको हित संरक्षणका लागि प्रभावकारी कूटनीतिक पहल गरिनेछ। गैरआवासीय नेपालीको ज्ञान, सीप, पुँजी, प्रविधि, सञ्जाल र पँहुचलाई राष्ट्रिय विकासमा उपयोग गरिनेछ। विदेशमा संकटमा परेका नेपालीलाई यथाशीघ्र उद्धारको प्रवन्ध मिलाइनेछ।

### कानूनी राज्य तथा मानवअधिकार

राजनीतिक सहमतिको आधारमा संविधान संशोधन गरिनेछ। संविधान प्रतिको जनताको स्वामित्व र अपनत्व वृद्धि गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई थप सुदृढ तुल्याइनेछ। विधिको शासन, मानव अधिकार, सुदृढ न्याय प्रशासन, लोकतान्त्रिक मूल्य र प्रेस स्वतन्त्रताको प्रत्याभूति गरिनेछ। शान्ति प्रक्रिया र सङ्क्रमणकालीन न्यायसम्बन्धी बाँकी काम सम्पन्न गरिनेछ। सत्य निरूपण तथा मेलमिलाप आयोग र वेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगलाई क्रियाशील बनाइनेछ। घाइते अपाङ्ग तथा अशक्तहरूको सरकारी अस्पतालहरूमा नि:शुल्क उपचार गर्ने व्यवस्था मिलाइनेछ। सशस्त्र द्वन्द्वका घटनाहरूको छानबिन, राहत र परिपूरणका लागि कोष स्थापना गर्न रु. १ अर्ब विनियोजन गरेको छु।

न्याय प्रणालीलाई सरल, सहज, पहुँचयोग्य, छरितो र प्रभावकारी बनाउन सूचना प्रविधिको अधिकतम उपयोग गरिनेछ। न्यायमा सबैको समान पहुँच स्थापित गर्न लक्षित वर्ग केन्द्रित नि:शुल्क कानूनी सहायता कार्यक्रम सञ्चालन गरिनेछ। सरकारवादी मुद्दामा वहस पैरवीको गुणस्तर तथा क्षमता अभिवृद्धि गर्न विद्युतीय न्यायाधिवक्ता कार्यक्रम सञ्चालन गरिनेछ।

### सम्पत्ति शुद्धीकरण निवारण

मुलुकलाई सम्पत्ति शुद्धीकरणको सघन निगरानी सूचीबाट निर्धारित समय अगावै बाहिर निकाल्न र भविष्यमा यस्तो अवस्था आउन नदिन सम्पत्ति शुद्धीकरण तथा आतंककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना कार्यान्वयन गरिनेछ।

राष्ट्रिय जोखिम मूल्याङ्कन शीघ्र सम्पन्न गरी गम्भीर प्रकृतिका आर्थिक अपराधको अनुसन्धान तथा अभियोजनलाई तीब्रता दिइनेछ। सम्पत्ति शुद्धीकरण निवारण प्रणालीको सुदृढीकरणका लागि नेपाल राष्ट्र बैंक, धितोपत्र बोर्ड, नेपाल बीमा प्राधिकरण, सहकारी नियमन प्राधिकरण लगायतका नियामक निकायको निगरानी, अनुसन्धान र कारवाहीलाई सबल बनाइनेछ।

### वित्तीय क्षेत्र सुदृढीकरण

वित्तीय क्षेत्रका नियामक निकायहरूको क्षमता विकास गरिनेछ। पुँजी प्रवाह र कर्जाको पहुँचमा सहजता ल्याउन आवश्यक प्रबन्ध मिलाइनेछ। वित्तीय क्षेत्र जोखिम व्यवस्थापनलाई सुदृढ बनाउँदै संस्थागत सुशासन कायम गरिनेछ। वित्तीय क्षेत्रमा विकसित भएका जोखिम न्यूनीकरणसम्बन्धी नयाँ नयाँ उपकरणको परिचालन गर्न आवश्यक नीतिगत र कानूनी व्यवस्था गरिनेछ।

नेपाल राष्ट्र बैंक र नेपाल बीमा प्राधिकरणसम्बन्धी कानूनमा सामयिक सुधार गरिनेछ। पुँजीबजारमा नागरिकको लगानी र हित संरक्षण गर्न धितोपत्र बोर्डको संस्थागत क्षमता सुदृढ गरिनेछ। नेपाल स्टक एक्सचेन्जको पूनर्संरचना गरी संस्थागत क्षमता अभिवृद्धि गरिनेछ।

दोस्रो वित्तीय क्षेत्र सुधार रणनीति कार्यान्वयन गरिनेछ। बैङ्क तथा वित्तीय संस्थाको खराब कर्जा तथा गैर बैंकिङ्ग सम्पत्ति व्यवस्थापनको लागि एसेट मेनेजमेण्ट कम्पनी स्थापना गरिनेछ।

समग्र मागमा कमी आई व्यवसाय सङ्कुचन भएको कारणले समस्यामा परेका उद्योगी व्यवसायीहरूको कर्जाको पुनर्तालिकीकरण, थप कार्यशील पुँजी प्रवाह र ब्याज जरिवानामा सहुलियत प्रदान गरी व्यावसायिक पुनरूत्थान गर्न सहजीकरण गरिनेछ।

सम्बन्धित व्यक्तिले वर्षमा एकपटक एक ठाँउमा केवाइसी विवरण भर्ने र उक्त विवरणलाई राष्ट्रिय परिचयपत्रमा आवद्ध गर्ने व्यवस्था मिलाइनेछ। केवाइसी विवरण आवश्यक पर्ने निकायले विद्युतीय माध्यमबाट प्राप्त गर्न सक्ने व्यवस्था गरिनेछ।

अर्थतन्त्रलाई गतिशील तुल्याउन निजी क्षेत्रमा प्रवाह हुने कर्जा विस्तार गरिनेछ। विद्यमान क्षेत्रगत जोखिम व्यवस्थामा पुनरावलोकन गरी कार्यशील पुँजीका लागि कर्जा प्रवाहमा सहजीकरण गरिनेछ।

आर्थिक वर्ष २०८२/८३ भित्र नियो बैंक स्थापना गरिनेछ। दुर्गम क्षेत्रमा बैंक तथा वित्तीय संस्थाको पहुँच विस्तार गरी ग्रामीण अर्थतन्त्रको विकास गरिनेछ। डिजिटल, मोवाइल तथा शाखारहित बैंकिङ्ग सेवा विस्तार गरिनेछ।

प्राकृतिक प्रकोप, विपद् र दूर्घटनाबाट हुने क्षतिबाट सुरक्षा गर्न सम्पत्ति बीमाको दायरा विस्तार गरिनेछ। बीमा कम्पनीहरूलाई ग्रामीण स्तरसम्म पहुँच विस्तार गर्न निर्देशित गरिनेछ। साइवर सुरक्षा बीमा सेवा सञ्चालन गरिनेछ। निक्षेप तथा कर्जा सुरक्षण कोषको सम्भावित जोखिम व्यवस्थापनको लागि पुनर्बीमाको व्यवस्था मिलाइनेछ।

ग्रीन ट्याक्सोनोमीको अवधारणाअनुरूप हरित तथा दिगो विकास वण्डको माध्यमबाट निजी पुँजी परिचालन गर्न आवश्यक नीतिगत तथा संरचनागत व्यवस्था मिलाइनेछ। लोकल करेन्सी लिंक्ड वण्ड जारी गरी अन्तर्राष्ट्रिय बजारबाट पुँजी भित्र्याइनेछ।

धितोपत्र बजारमा सूचीकृत लगानी कम्पनी र अन्य संस्थागत लगानीकर्तालाई राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगको स्व:पुँजी, ऋणपत्र र अन्य धितोपत्रमा लगानी गर्न सहजीकरण गरिनेछ। कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोषले प्राइभेट इक्विटी र भेन्चर्स क्यापिटलमा लगानी गर्न सक्ने गरी कानूनी व्यवस्था गरिनेछ।

सरकारी ऋणपत्रको दोस्रो बजार कारोवार शुरू गरिनेछ। गैर आवासीय नेपालीलाई दोस्रो बजारमा कारोवार गर्न अनुमति दिने व्यवस्था मिलाइनेछ।

लक्षित क्षेत्रमा उत्पादन, रोजगारी तथा स्वरोजगारका अवसर वृद्धि गर्न सहुलियतपूर्ण कर्जामा ब्याज अनुदानसम्बन्धी एकीकृत व्यवस्था कार्यान्वयन गरिनेछ।

लघुवित्त संस्थाहरूको संस्थागत तथा आन्तरिक नियन्त्रण प्रणालीमा सुधार गरिनेछ। समस्यामा परेका लघुवित्त ऋणीहरूको पुनरोत्थानका लागि सहुलियतपूर्ण ब्याजदरमा कर्जा उपलब्ध गराउन सहजीकरण गरिनेछ।

विदेशी विनिमय जोखिम व्यवस्थापन गरी वैदेशिक लगानी आकर्षित गर्न हेजिङ्ग सेवा सञ्चालन गर्न अनुमति दिने व्यवस्था मिलाइनेछ।

उधारो कारोवारसम्बन्धी कानून तर्जुमा गरिनेछ। दामासाही ऐनमा सामयिक संशोधन गरिनेछ। बैंकिङ्ग प्रणालीबाट विप्रेषण आय भित्र्याउन र उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ। सार्वजनिक निकायबाट हुने सबै भुक्तानीलाई विद्युतीय प्रणालीमा आवद्ध गरिनेछ।

क्रिप्टो जस्ता अभौतिक मुद्रा, अवैध विदेशी मुद्रा लगायतका कसुरजन्य सम्पत्ति जफत गरी सञ्चित कोषमा जम्मा गर्ने व्यवस्था मिलाइनेछ। कसुरजन्य सम्पत्तिको रोक्का, नियन्त्रण र जफतसम्बन्धी कार्यलाई थप प्रभावकारी बनाइनेछ।

### सार्वजनिक संस्थान व्यवस्थापन

व्यवस्थापन स्वायत्तता, प्रविधि हस्तान्तरण तथा नवप्रवर्तनको माध्यमबाट सार्वजनिक संस्थानहरूको प्रतिस्पर्धात्मक क्षमता विकास गरिनेछ। संस्थानहरूको व्यवस्थापन सुधार गर्न पुनर्संरचना, कम्पनीमा रूपान्तरण, रणनीतिक साझेदारी, विनिवेश लगायतका उपयुक्त विधि अवलम्बन गरिनेछ। सार्वजनिक संस्थानको सरकारी लगानी व्यवस्थापन गर्दा जमिनको स्वामित्व नेपाल सरकारमा नै कायम राख्ने नीति लिइनेछ।

नेपाल सरकारको स्वामित्वमा रहेका बन्द तथा रुग्ण उद्योगहरूलाई उपयुक्तताको आधारमा नवीन प्रविधिको प्रयोग गरी सञ्चालन तथा व्यवस्थापन गरिनेछ। सार्वजनिक निजी साझेदारीमा धौवादी फलाम कम्पनी सञ्चालन गरिनेछ।

जनकपुर चुरोट कारखाना, गोरखकाली रबर उद्योग, वुटवल धागो कारखाना, नेपाल मेटल कम्पनी, नेपाल ओरिण्ड एण्ड म्याग्नेसाइट, हेटौडा र उदयपुर सिमेन्ट उद्योग लगायतका सार्वजनिक प्रतिष्ठानको विद्यमान अवस्था र व्यावसायिक सम्भाव्यताको अध्ययन गरी सरकारी लगानी व्यवस्थापन गरिनेछ।

नेपाल सरकारको वहुमत शेयर कायम रहने गरी नेपाल दूरसञ्चार कम्पनीको ३० प्रतिशत शेयर आम नागरिकमा विनिवेश गरिनेछ। यस कम्पनीको संस्थागत सवलीकरणको लागि रणनीतिक साझेदारीको नीति लिइनेछ।

नेपाल विद्युत प्राधिकरणको नियामकीय क्षमता अभिवृद्धि गरिनेछ। विद्युत उत्पादन, प्रसारण र वितरणको भूमिकालाई अलग अलग गर्न सुदृढ संस्थागत व्यवस्था गरिनेछ। नेपाल वायुसेवा निगमको क्षमता विस्तार, गुणस्तर सुधार र व्यावसायिकता विकास गर्न सार्वजनिक कम्पनीमा रूपान्तरण, व्यवस्थापन करार र सक्षम अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीसँग रणनीतिक साझेदारी गरिनेछ। नेपाल दुग्ध विकास संस्थानको पूनर्संरचना गरिनेछ। राष्ट्रिय बीमा कम्पनी र राष्ट्रिय जीवन बीमा कम्पनीको संस्थागत सुधार गरिनेछ।

सञ्चालन खर्च धान्न नसकेका, अवकाश कोषको व्यवस्था नगरेका र अघिल्लो आर्थिक वर्ष सम्मको लेखापरिक्षण नगराएका सार्वजनिक संस्थानका पदाधिकारी तथा कर्मचारीहरूलाई संस्थानको खर्चमा वैदेशिक भ्रमणमा जान र आर्थिक दायित्व बढ्ने गरी सेवा सुविधा बढाउन रोक लगाएको छु।

शासकीय सुधार र भ्रष्टाचार नियन्त्रण नेपालको संविधानमा उल्लिखित सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार सूचीअनुरूप कार्य विस्तृतीकरण प्रतिवेदन पुनरावलोकन गरिनेछ। तीन तहका कानूनहरूबीच कार्यक्षेत्रगत तादात्म्यता र एकरूपता कायम गर्न मौजुदा कानूनहरूमा सुधार गरिनेछ। उच्चस्तरीय शासकीय सुधार आयोगको मार्गदर्शनमा नीतिगत, कानूनी तथा संस्थागत सुधार गरिनेछ।

सङ्घीय निजामती सेवा विधेयक संसदको चालु अधिवेशनबाट पारित गरिनेछ। यसबाट राष्ट्रसेवकहरूको सेवा शर्तमा एकरूपता र वृत्ति विकासमा सुनिश्चितता कायम हुने विश्वास लिएको छु।

सार्वजनिक सेवाको प्रभावकारिता बढाउन र विकासलाई नतिजामूखी बनाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सेन्टर अफ एक्सीलेन्सको रूपमा विकास गरिनेछ।

सार्वजनिक सेवामा विद्यमान सूचना प्रविधि प्रणालीबीच अन्तरआवद्धता कायम गरिनेछ। नागरिक एपको क्षमता विस्तार गरिनेछ। सार्वजनिक सेवालाई नागरिक एपमा आवद्ध गरी सरल, सहज र मितव्ययी बनाइनेछ। सबै सरकारी निकायका विद्युतीय सूचनालाई एकीकृत गरी सुरक्षित भण्डारणको व्यवस्था मिलाइनेछ।

सार्वजनिक सेवा प्रवाहलाई सरल, पहुँचयोग्य र गुणस्तरीय बनाउन सूचना प्रविधिको उच्चतम् उपयोग गरिनेछ। बैंक, बीमा, दूरसञ्चार, धितोपत्र लगायत सबै प्रकारका सार्वजनिक तथा वित्तीय कारोबारमा राष्ट्रिय परिचयपत्रको प्रयोग गरिनेछ। राष्ट्रिय परिचयपत्र व्यवस्थापन प्रणालीको सेवा प्रयोग गर्दा शुल्क नलाग्ने व्यवस्था गरिनेछ। विद्युतीय माध्यमबाट नागरिकता वितरण गर्ने प्रबन्धलाई प्रभावकारी बनाइनेछ।

राष्ट्रसेवकहरूको सेवा सुविधा समय सापेक्ष बनाउनुपर्ने आवश्यकताबोध भएतापनि स्रोत व्यवस्थापनमा परेको दबाबले गर्दा अपेक्षाअनुरूप तलब वृद्धि गर्न सम्भव भएन। तथापी, सबै राष्ट्रसेवकहरूका लागि सम्वत् २०८२ साउन १ गतेदेखि लागु हुनेगरी महङ्गी भत्ता वृद्धि गरी मासिक रु. ५ हजार पुऱ्याएको छु।

कर्मचारी सञ्चयकोष लगायत अवकाश कोषहरूको अग्रसरता र निजी क्षेत्रको सहभागितमा सुलभ आवास कार्यक्रम सञ्चालन गरिनेछ। यस अन्तर्गत सातै प्रदेशका प्रमुख शहरी केन्द्रहरूमा एक लाख भवन तथा अपार्टमेन्ट निर्माण गरी निजामती, सुरक्षाकर्मी र शिक्षक कर्मचारीलाई सहुलियतपूर्ण ब्याजदर र किस्ताबन्दीमा उपलब्ध गराउने व्यवस्था मिलाएको छु।

निजामती अस्पतालको स्तरोन्नति गरिनेछ। कर्मचारी सञ्चयकोषबाट हाल सञ्चयकर्ताका पति पत्नीका लागि उपलब्ध स्वास्थ्य उपचार सुविधा परिवारका अन्य सदस्यमा समेत विस्तार गरिनेछ।

स्वीकृत दरबन्दी भित्र करार सेवामा रहेका कर्मचारी र अस्थायी तथा राहत शिक्षकलाई योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध गरिनेछ। यसका लागि रोजगारदाता र योगदानकर्ताबाट दश- दश प्रतिशत योगदान सहितको छुट्टै प्याकेज बनाई कार्यान्वयन गरिनेछ।

सबै संवैधानिक निकायहरूलाई आवश्यक स्रोत, साधन र जनशक्तिको व्यवस्था गरिनेछ। सार्वजनिक निकायको कार्यसम्पादनमा पारदर्शिता, उत्तरदायित्व र सदाचार कायम गरिनेछ। सार्वजनिक निकायमा पेशागत आचरण र अनुशासनसम्बन्धी आचार संहिता तयार गरी लागु गरिनेछ। सेवा प्रदायक सार्वजनिक निकायमा निरन्तर निगरानी र अनुगमन गरिनेछ। भ्रष्टाचार विरूद्ध शून्य सहनशीलता अपनाइनेछ। स्वार्थको द्वन्द्वसम्बन्धी कानून तर्जुमा गरिनेछ। भ्रष्टाचार विरूद्धको दोस्रो राष्ट्रिय रणनीति र कार्य योजना कार्यान्वयन गरिनेछ।

मतदाता परिचयपत्रलाई राष्ट्रिय परिचयपत्रसँग आवद्ध गरी निर्वाचनको विश्वसनीयता अभिवृद्धि गरिनेछ। यसको शुरूवात काठमाडौं उपत्यकाबाट गरिनेछ।

### वैदेशिक सहायता परिचालन

वैदेशिक सहायता नीति, २०८२ अनुरूप राष्ट्रिय आवश्यकता र प्राथमिकताका उच्च प्रतिफलयुक्त आयोजनामा सहायता परिचालन गरिनेछ। आयोजनाको छनौट र कार्यान्वयनमा देशको नेतृत्व र अपनत्व स्थापित गरिनेछ। वैदेशिक सहायताको उपयोग क्षमता बढाइनेछ।

प्रोजेक्ट रेडिनेश फिल्टरअनुरूप तयारी पूरा भएका आयोजना तथा कार्यक्रममा सहायता प्राप्त गरिनेछ। निर्धारित समय र लागतमा आयोजना सम्पन्न गर्न कार्यान्वयन ढाँचा तय गरिनेछ।

वैदेशिक सहायताबाट सञ्चालन हुने आयोजनालाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना मानी वन क्षेत्र प्रयोगको स्वीकृति दिनुपर्ने व्यवस्था मिलाइनेछ। यसबाट आयोजना कार्यान्वयनमा तीव्रता आउने अपेक्षा गरेको छु।

दूधकोशी, माथिल्लो अरुण लगायत उच्च लागतका पूर्वाधार आयोजनाका लागि आर्थिक सम्भाव्यताको आधारमा एकभन्दा बढी दातृ निकायको सहलगानीमा सहायता परिचालन गरिनेछ।

### सार्वजनिक वित्त तथा आयोजना व्यवस्थापन

विनियोजन कुशलता कायम गरी सार्वजनिक वित्तको प्रभावकारिता वृद्धि गरिनेछ। बजेट अनुशासनबाट सार्वजनिक खर्चको उपलब्धि बढाइनेछ। सङ्घीय सञ्चित कोषलाई सन्तुलनमा राख्न नगद प्रवाह व्यवस्थापनलाई सुदृढ बनाइनेछ। सार्वजनिक ऋणको उत्पादनशील उपयोग र दिगोपना सुनिश्चित गरिनेछ। राष्ट्रिय वित्त व्यवस्थापन सुधार रणनीति कार्यान्वयन गरिनेछ।

विकास वित्तको आवश्यकता पूरा गर्न अन्तर्राष्ट्रिय जगतका नवीन र सफल अभ्यास अवलम्बन गर्नु अपरिहार्य भएको छ। यसका लागि कानूनी आधार तयार गर्न सङ्घीय संसदमा वैकल्पिक विकास वित्त विधेयक प्रस्तुत भइसकेको छ। उक्त विधेयक चालु अधिवेशनबाट पारित हुने विश्वास लिएको छु। यसबाट जलविद्युत, सौर्य ऊर्जा, प्रशारण लाइन, सडक, सुरूङ्गमार्ग, विमानस्थल, शहरी पूर्वाधार, पर्यटन र औद्योगिक क्षेत्रको पूर्वाधार निर्माण र सञ्चालनमा स्वदेशी तथा विदेशी निजी लगानी आकर्षित हुने, दीर्घकालीन पुँजी निर्माण हुने र आयोजनाको निर्माण तथा व्यवस्थापनमा गुणात्मक परिवर्तन हुने विश्वास गरेको छु। आगामी आर्थिक वर्षमा वैकल्पिक विकास वित्तमार्फत पूर्वाधार आयोजनाहरूको निर्माण कार्य प्रारम्भ गरिनेछ।

राष्ट्रिय गौरवका आयोजनाहरूको छनौटका लागि स्पष्ट मापदण्ड निर्धारण गरिनेछ। विद्यमान राष्ट्रिय गौरवका आयोजनाहरूको पुनरावलोकन गरिनेछ। विकास आयोजनाको सङ्ख्या गत वर्षभन्दा ४ हजार ६ सय ५४ ले घटाई आयोजना व्यवस्थापनलाई छरितो बनाएको छु। सङ्घीय सरकारले कार्यान्वयन गर्ने पूर्वाधारका नयाँ आयोजनामा रु. ३ करोड भन्दा कम विनियोजन नगर्ने मापदण्ड कार्यान्वयन गरेको छु। यसबाट राष्ट्रिय गौरव तथा राष्ट्रिय प्राथमिकताका आयोजनामा स्रोत व्यवस्थापन गर्न सहयोग पुग्ने र आयोजना कार्यान्वयन प्रभावकारी हुने अपेक्षा गरेको छु। बजेट कार्यान्वयन क्षमतामा सुधार गरी पुँजीगत खर्च बढाउन विषयगत मन्त्रालयलाई थप जिम्मेवार बनाइनेछ।

जग्गा प्राप्ति, वनक्षेत्रको स्वीकृति लगायत तयारी पूरा भएका आयोजनालाई खरिद प्रक्रियामा लैजाने व्यवस्था गरिनेछ। आयोजनाको कार्यान्वयनमा तीव्रता ल्याउन ठेक्का सम्झौता गर्दा तीन सिफ्टमा काम हुने व्यवस्था गरिनेछ।

पूर्वाधार आयोजना निर्धारित समय, प्रक्षेपित लागत र गुणस्तरमा सम्पन्न गर्न सार्वजनिक खरिद कानूनमा संशोधन गरिनेछ। विद्युतीय खरिद प्रणालीको स्तरोन्नति गरिनेछ। सार्वजनिक खरिदसम्बन्धी नमुना बोलपत्र कागजात निर्माण, परिमार्जन र नेपालीकरण गरिनेछ। नतिजाप्रति आयोजना प्रमुख र निर्माण व्यवसायीलाई थप जवाफदेही बनाइनेछ। आयोजनासँग सम्बन्धित सबै काम एउटै ठेक्का प्याकेजमा समावेश गर्नुपर्ने व्यवस्था गरिनेछ। ठेक्का सम्झौता कार्यान्वयनमा सिर्जना हुने विवादको समाधानका लागि मध्यस्थता प्रक्रियालाई कानूनसम्मत, पारदर्शी र जिम्मेवार बनाइनेछ।

प्रदेश र स्थानीय तहले सन्तुलित बजेट तर्जुमा गर्नुपर्ने र मध्यमकालीन खर्च संरचनाको सीमा भित्र रही वहुवर्षीय दायित्व व्यवस्थापन गर्नुपर्ने व्यवस्था गरेको छु।

बजेटमा समावेश भएका कार्यक्रम तथा आयोजनाका लागि खरिदका तयारी कार्य आजैका मितिदेखि नै शुरु गर्न सकिने र बजेट स्वीकृत भए पश्चात चालु आर्थिक वर्षभित्र सम्झौता गर्न सकिने व्यवस्था मिलाएको छु।

आगामी आर्थिक वर्षदेखि राष्ट्रिय गौरव र उच्च प्राथमकिताका आयोजनामा विनियोजित रकम विशेष अवस्थामा बाहेक अन्य आयोजना तथा कार्यक्रममा रकमान्तर गर्न नपाइने व्यवस्था मिलाएको छु। रु. २५ करोडभन्दा बढी लागतका आयोजनाको लक्ष्य प्रगति, गुणस्तर र समयसीमाको राष्ट्रिय ड्यासबोर्ड प्रणाली विकास गरी अनुगमन गरिनेछ। आयोजना कार्यान्वयन गर्दा समयमै निर्णय नगरेका कारणले लागत बढ्न गएमा सम्बन्धित पदाधिकारीलाई जवाफदेही बनाइनेछ। कार्य प्रगति ८० प्रतिशत भन्दा बढी भएका आयोजनाहरू सम्पन्न गर्न स्रोतको अभाव हुन दिइने छैन।

क्रमागत आयोजना सम्पन्न गरी विकास नतिजा हासिल गर्न जोड दिइनेछ। स्रोत सुनिश्चित भएका वहुवर्षीय आयोजना र सिर्जित दायित्वको भुक्तानीको लागि आवश्यक रकम विनियोजन गरेको छु।

त्रुटिपूर्ण डिजाइन र स्पेशिफिकेशन तयार गरी अस्वभाविक दायित्व सिर्जना गर्ने व्यक्तिलाई जवाफदेही बनाई कानूनको दायरामा ल्याइनेछ। पहाडी तथा हिमाली क्षेत्रमा राष्ट्रिय राजमार्ग बाहेकका प्रादेशिक तथा स्थानीय सडक इन्टरमिडियट लेनमा निर्माण गरिनेछ।

### मितव्ययिता

संविधानले निर्दिष्ट गरे बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहमा बजेट अनुशासन सुदृढ गर्न कानून निर्माण गरिनेछ। तीनै तहमा लागु हुने गरी सार्वजनिक खर्च मापदण्ड तर्जुमा गरिनेछ।

सरकारी कोषबाट प्रदान गरिने अनुदान लक्षित वर्गमा पुऱ्याउन र दोहोरोपना हटाउन तीनै तहमा लागु हुने गरी उत्पादन प्रोत्साहनमा आधारित राष्ट्रिय अनुदान नीति निर्माण गरिनेछ। अनुदानको अधिकतम सीमा लागतको ५० प्रतिशतसम्म कायम गरिनेछ।

सङ्घ, प्रदेश र स्थानीय तहको कार्यजिम्मेवारी अनुरूप संगठन तथा व्यवस्थापन सर्वेक्षणको राष्ट्रिय मापदण्ड तर्जुमा गरी विद्यमान संरचना तथा दरबन्दी पुनरावलोकन गरिनेछ। छरितो र कामकाजी संरचना तथा कर्मचारी व्यवस्थापन गरी चालु खर्चमा उल्लेखनीय कटौती गरिनेछ।

राज्यकोषबाट सुविधा प्राप्त गर्ने प्रतिष्ठान, बोर्ड, समिति तथा सार्वजनिक निकायका पदाधिकारी र कर्मचारीको तलब तथा सेवा सुविधा पुनरावलोकन गरी एकरूपता ल्याइनेछ। यसका लागि तीन महिनाभित्र सुझाव सहितको प्रतिवेदन पेश गर्न सिफारिश समिति गठन गरिनेछ।

उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको प्रतिवेदन समेतलाई दृष्टिगत गरी आगामी आर्थिक वर्षदेखि ७० वर्ष पूरा भएका नागरिकले ज्येष्ठ नागरिक भत्ता प्राप्त गर्ने व्यवस्था मिलाएको छु। हाल प्राप्त गरिरहेका,

*बाँकी पृष्ठ ४ मा*

# आगामी...

दुर्गम क्षेत्र र लक्षित वर्गका ज्येष्ठ नागरिकका लागि भत्ता पाउने उमेर यथावत् राखेको छु।

देशभरका सबै प्रतिष्ठानको सञ्चालन तथा व्यवस्थापनमा एकरूपता कायम गर्न छाता कानून निर्माण गरिनेछ। प्रतिष्ठान तथा विकास समितिहरूले सङ्घीय सरकारबाट उपलब्ध हुने चालु र पुँजीगत अनुदानको सीमाभित्र रही सञ्चालन र दायित्व व्यवस्थापन गर्नुपर्ने व्यवस्था गरेको छु।

उच्चस्तरीय कूटनीतिक भ्रमण तथा नेपाल सदस्य रहेको अन्तर्राष्ट्रिय संस्थामा अनिवार्य प्रतिनिधित्व गर्नुपर्ने अवस्थामा बाहेक नेपाल सरकारको स्रोतमा वैदेशिक भ्रमण गरिने छैन।

नियमित संरचनाबाट सम्पन्न गर्न नसकिने भनी जिम्मेवार अधिकारीले निर्णय गरेको अवस्थामा बाहेक परामर्श सेवा लिन नपाउने व्यवस्था गरेको छु। ठूला र जटिल प्रकृतिका आयोजनामा बाहेक सुपरिवेक्षण परामर्शदाताको सेवा लिइने छैन। ऐन, नियम, नीति, कार्यविधि, मापदण्ड लगायतका दस्तावेजहरूको मस्यौदा तयार गर्न परामर्श सेवा लिन नपाइने व्यवस्था गरेको छु।

निर्माण कार्यमा कन्टिन्जेन्सी रकमको सीमा घटाई रु. १ अर्बसम्म लागत अनुमान भएका आयोजनामा ३ प्रतिशतसम्म र सो भन्दा बढीका आयोजनामा २ प्रतिशतसम्म हुने गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ।

सम्माननीय सभामुख महोदय,
सम्माननीय अध्यक्ष महोदय

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु। आगामी आर्थिक वर्षका लागि कुल खर्च रु. १९ खर्ब ६४ अर्ब ११ करोड विनियोजन गरेको छु। कुल विनियोजनमध्ये चालुतर्फ रु. ११ खर्ब ८० अर्ब ९८ करोड अर्थात् ६०.१ प्रतिशत, पुँजीगततर्फ रु. ४ खर्ब ७ अर्ब ८९ करोड अर्थात् २०.८ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रु. ३ खर्ब ७५ अर्ब २४ करोड अर्थात् १९.१ प्रतिशत रहेको छ। यो अनुमान चालु आर्थिक वर्षको विनियोजनको तुलनामा ५.६ प्रतिशतले बढी र संशोधित अनुमानको तुलनामा १८.२ प्रतिशतले बढी रहेको छ। कुल विनियोजनमा प्रदेश र स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ रु. ४ खर्ब १७ अर्ब ८३ करोड विनियोजन गरेको छु।

आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये राजस्वबाट रु. १३ खर्ब १५ अर्ब र वैदेशिक अनुदानबाट रु. ५३ अर्ब ४५ करोड व्यहोर्दा रु. ५ खर्ब ९५ अर्ब ६६ करोड न्यून हुनेछ। सो न्यून पूर्ति गर्न वैदेशिक ऋणबाट रु. २ खर्ब ३३ अर्ब ६६ करोड जुटाइनेछ। राजस्व परिचालन र वैदेशिक सहायता परिचालन गर्दा नपुग हुने खुद रु. ३ खर्ब ६२ अर्ब आन्तरिक ऋणबाट व्यहोरिनेछ।

सम्माननीय सभामुख महोदय,
सम्माननीय अध्यक्ष महोदय

अब म आर्थिक वर्ष २०८२/८३ को राजस्व नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

राजस्व प्रणालीलाई लगानीमैत्री तथा उत्पादनमुखी बनाउन र निरन्तर बढिरहेको सार्वजनिक खर्चका लागि स्रोत व्यवस्थापन गर्न आवश्यक छ। कर प्रणालीलाई अन्तराष्ट्रिय मापदण्ड र अभ्यास अनुकूल बनाउँदै बाह्य पुँजी र प्रविधि आकर्षित गर्न जरूरी छ। कर परिपालनमा सुधार र राजस्व चुहावट नियन्त्रण गर्दै राजस्व संकलनलाई प्रभावकारी बनाउन आवश्यक छ। तसर्थ, राजस्व प्रणालीको उत्पादकत्व वृद्धि गर्न आगामी आर्थिक वर्षका लागि देहाय बमोजिमको उद्देश्य तय गरेको छु।

आर्थिक क्रियाकलापलाई प्रोत्साहित गर्दै करको दायरा फराकिलो बनाउने, कर कानूनमा सामयिक सुधार र सरलीकरण गरी स्वेच्छिक कर सहभागिता बढाउने,

करदातामैत्री, पारदर्शी र स्वचालित राजस्व प्रणालीको विकास गर्ने,

राजस्व प्रशासनको दक्षता अभिवृद्धि गरी राजस्व चुहावट नियन्त्रण गर्ने,

गैर कर राजस्वलाई प्राकृतिक स्रोत साधनको दिगो उपयोग र लागत प्रभावी हुनेगरी परिचालन गर्ने।

अब म आर्थिक वर्ष २०८२/८३ को राजस्वसँग सम्बन्धित कार्यक्रम प्रस्तुत गर्दछु।

कर कानूनमा समयानुकूल सुधार

अन्तराष्ट्रियस्तरमा कर प्रणालीमा आएका परिवर्तन र नवीन व्यावसायिक ढाँचालाई सम्बोधन गर्ने गरी मूल्य अभिवृद्धि कर, आयकर र अन्तःशुल्क सम्बन्धी कानूनको पुनरावलोकन गरिनेछ।

मूल्य अभिवृद्धि करमा बहुदर लागु गर्न प्राप्त सुझावलाई समेत मध्यनजर गर्दै यसको सान्दर्भिकता र व्यवहारिक प्रयोगका सम्वन्धमा अध्ययन गरिनेछ।

विषयगत कानूनहरू संशोधन गरी गैरकर राजस्वका दरहरू सामयिक बनाईनेछ।

औद्योगिक संरक्षण तथा लगानी प्रवर्द्धन

सूचना प्रविधिमा आधारित उद्योग र होटल तथा रिसोर्टलाई विशेष उद्योग सरह आयकर र विद्युत महसुल छुट दिने व्यवस्था मिलाएको छु।

सूचना प्रविधि सेवा निर्यातबाट प्राप्त हुने आयमा लाग्ने करमा ७५ प्रतिशत छुट हुने व्यवस्था मिलाएको छु। नेपालमा बसी विदेशमा सूचना प्रविधि सेवा निर्यात गर्ने व्यक्तिको आम्दानीमा ५ प्रतिशत मात्र आयकर लाग्ने र यो कर अन्तिम हुने व्यवस्था मिलाएको छु।

दश करोडसम्मको वार्षिक कारोबार गर्ने स्टार्टअप व्यवसायलाई ५ वर्षसम्म आयकर नलाग्ने व्यवस्था मिलाएको छु।

काठ तथा काठजन्य सामग्रीको गुणस्तरीय उत्पादन तथा उपभोग बढाउन काठ सिजनिङ्ग गर्ने उद्योगलाई आवश्यक पर्ने मिल मेशिनरी पैठारी गर्दा १ प्रतिशत मात्र भन्सार महशुल लगाई अन्य कर तथा महसुल खारेज गरेको छु।

प्राङ्गारिक र प्राकृतिक मल उत्पादनका लागि मिल मेशिनरी तथा उपकरण पैठारी गर्दा भन्सार महशुल हटाई अन्य कर तथा महसुल खारेज गरेको छु।

फुटबल, क्रिकेट तथा बहुउद्देश्यीय रङ्गशालाको पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने यन्त्र, उपकरण तथा खेल सामग्रीको पैठारीमा १ प्रतिशत भन्सार महशुल लगाई अन्य कर तथा महशुल खारेज गरेको छु।

ग्रीन हाइड्रोजन उत्पादन गर्ने उद्योगको लागि पैठारी हुने मेशिनरी उपकरणमा सबै किसिमका कर महसुल नलाग्ने व्यवस्था गरेको छु। ग्रीन हाइड्रोजन उत्पादकलाई ५ वर्ष सम्म आयकर छुट दिने व्यवस्था मिलाएको छु।

सौर्य तथा वायु ऊर्जाबाट विद्युत सञ्चय गर्न आवश्यक पर्ने व्याट्री तथा अन्य यन्त्र उपकरणको पैठारीमा १ प्रतिशत भन्सार महसुल लिई अन्य कर महसुल नलाग्ने व्यवस्था गरेको छु।

विद्युतीय सवारी साधनको चार्जिङ्ग मेशिन उत्पादन तथा एसेम्बलिङ्ग गर्ने उद्योग स्थापनाका लागि आवश्यक पर्ने उपकरण पैठारीमा १ प्रतिशत भन्सार महसुल लिई अन्य कर महसुल नलाग्ने व्यवस्था गरेको छु। साथै, यस्ता उद्योगलाई ५ वर्षसम्म आयकर छुट दिने व्यवस्था मिलाएको छु।

बीस वर्ष भन्दा पुराना वा सञ्चालनमा आउन नसक्ने सार्वजनिक तथा निजी सवारी साधनहरूको लगत कट्टा गर्ने प्रयोजनका लागि अन्तिम २ वर्षको आयकर बुझाएमा बाँकी आयकर छुट दिने व्यवस्था मिलाएको छु।

सडक, सिँचाइ र जलविद्युत आयोजनामा सुरूङ प्रविधिको प्रयोग प्रवर्द्धन गर्न निजी क्षेत्रले टनेल बोरिङ्ग मेशिन पैठारी गर्दा १ प्रतिशत भन्सार महसुल लिई बाँकी कर तथा महसुल छुट दिने व्यवस्था गरेको छु।

ढुवानी सेवा प्रदायक व्यवसायीले प्राकृतिक व्यक्तिको ढुवानीका साधन भाडा वापत अग्रिम कर कट्टी गरी भुक्तानी गरेकोमा सो भाडा बापतको रकम करयोग्य आय गणना गर्दा खर्च कट्टी गर्न पाउने व्यवस्था गरेको छु।

साविकमा आन्तरिक राजस्व विभागबाट स्वीकृति प्राप्त अवकाश कोषहरू कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष वा निवृत्तभरण कोषद्वारा सञ्चालित अवकाश कोषमा अनिवार्य रूपमा आवद्ध हुनु पर्ने व्यवस्था गरेको छु।

मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्कको विवरण बुझाउन वा कर दाखिल गर्न नसकेका व्यक्तिलाई विवरण र कर बुझाएमा ब्याज, थप दस्तुर, विलम्ब शुल्क र जरिवानामा सहुलियत दिएको छु।

अन्तर्राष्ट्रिय हवाई सेवा प्रदायक कम्पनी र सोका हवाई टिकटको कारोवार गर्ने व्यक्तिले मूल्य अभिवृद्धि करमा दर्ता भई बुझाउन बाँकी कर रकम बुझाएमा ब्याज, थप दस्तुर र जरिवाना मिन्हा हुने व्यवस्था मिलाएको छु।

आय विवरण पेश नगरेका करदातालाई कार्यालयबाट गरिएको संशोधित कर निर्धारणबाट सिर्जित बक्यौता फरफारक गर्ने मौका दिएको छु।

डिजिटल भुक्तानीलाई प्रोत्साहित गर्न समाशोधनगृहको सेवामा लाग्दै आएको मूल्य अभिवृद्धि कर खारेज गरेको छु।

खाद्यान्न, गेडागुडी, फलफुल लगायत वनस्पतिजन्य, पशुजन्य तथा दूधजन्य पदार्थमा भन्सार विन्दुमा लाग्दै आएको अग्रिम आयकर खारेज गरेको छु।

श्रवण शक्ति कमजोर भएका व्यक्तिका लागि आवश्यक पर्ने श्रवणयन्त्रमा लाग्ने मूल्य अभिवृद्धि कर खारेज गरेको छु।

हवाई वा स्थलमार्गबाट नेपाल प्रवेश गर्ने यात्रुले नेपालमा विनिमय हुने ५ हजार अमेरिकी डलर बराबरको विदेशी मुद्रा वा ट्राभलर्स चेक साथमा ल्याउन पाउने र सो भन्दा बढी भन्सार विन्दुमा घोषणा गरी ल्याउन सक्ने व्यवस्थालाई सहजीकरण गरिनेछ।

राजस्व छुट सुविधामा पैठारी गर्न पाउने बिरामी बोक्ने एम्वुलेन्समा विद्यमान रू. १६ लाखको मूल्य सीमा हटाएको छु।

विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहित गरी वातावरण प्रदुषण न्यूनीकरण गर्न र विद्युतको आन्तरिक खपत बढाउन त्यस्ता सवारी साधनमा लगाइएको सबै प्रकारका कर तथा महसुल यथावत राखेको छु।

करको दायरा विस्तार र आधार संरक्षण

